# अर्जुनचौपारी गाउँपालिका
Arjunchaupari Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
अर्जुनचौपारी, स्याङजा
Arjunchaupari, Syangja
गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepal

प.सं.(Reference No): ०८०।८१
च.नं.(Dispatch No):-

मितिः२०८१।०१।१६

**प्रेस विज्ञप्ती**

आज मिति २०८१।०१।१६ यस अर्जुनचौपारी गाउँपालिकाको २९ औं कार्यपालिकाको बैठकबाट निर्णय भएका मुख्य मुख्य निर्णयहरु तपशिल बमोजिम रहेको अर्जुनचौपारी गाउँपालिकावासी सर्वसाधारणको जानकारीको लागि यो विज्ञप्ती प्रकाशित गरिएको छ।

**निर्णय नं. १** संघीय ससर्त कार्यक्रम अन्तर्गत नवीकरणीय उर्जा प्रविधि जडान कार्यक्रम अन्तर्गत सुधारिएको चुल्हो जडान कार्यक्रम अर्जुनचौपारी गाउँपालिका वडा नं. ५ स्थित दलित बस्ती मुलाबारी र काउरेमा सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. २** अर्जुनचौपारी गाउँपालिकामा कार्यरत ईन्जिनियर सातौं सुदिप आचार्य (विद्यावारिधी) वैदेशिक अध्ययनको लागि अध्ययन बिदा स्वीकृत गराईपाउँ भनी निवेदन प्राप्त भएको साथै स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० को नियम ११११, ११९ र १२० मा सो सम्बन्धि प्रावधान रहेको हुँदा निजलाई अध्ययनको लागि अध्ययन बिदा स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ३** अर्जुनचौपारी गाउँपालिका भित्रका सम्पूर्ण आमा समुहलाई बिउँपूजीको माध्यमबाट आर्थिक स्तरमा वृद्धि गर्न अर्जुनचौपारी गाउँपालिकाको आमा समुह बिउँ पूँजी कार्यविधि, २०८१ स्वीकृत गरी कार्यान्वयमा ल्याउने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ४** हेलु-अर्जुनचौपारी सडक खण्ड अन्तर्गत अर्जुनचौपारी गाउँपालिका वडा नं. १ स्थित सहेलेमा गहेको पहिरो कारण सवारीसाधन आगमनमा जोखिमको अवस्था सृजना भएकोमा जिल्लाबाट नेपाल आर्मीको टोली, सशस्त्र प्रहरीबलको टोली एवं पालिकाबाट उक्त ढुङ्गा हटाउन पटक-पटक प्रयास गर्दा पनि ढुङ्गा हटाउन नसकिएकोले उक्त पहिरो व्यवस्थापनको लागि सम्बन्धित प्रादेशिक एवं संघीय निकायमा पत्रचार गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ५** चालु आर्थिक बर्ष २०८०/०८१ को विशेष अनुदान (पोषण तथा खाद्य सुरक्षा कार्यक्रम) बाट पालिका भित्रका बालबालिकाहरुलाई स्वास्थ्य जाँचको लागि निःशुल्क बाल स्वास्थ्य शिविर मिति २०८१/०२/०५ गते अर्जुनचौपारी गाउँपालिकाको प्रशासकीय भवनमा सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ६** अर्जुनचौपारी गाउँपालिका भित्रका खानेपानीका पाईप आगलागिबाट जलेर नष्ट भएको हुँदा उक्त स्थानमा आवश्यकतानुसार प्राविधिक मूल्याङ्कन अनुसार विपद् व्यवस्थापन कोषबाट खानेपानीका पाईप मर्मत एवं पुनःजडान गर्ने सर्वसम्मत निर्णय गरियो।

धन बहादुर गुरुङ्ग
गाउँपालिका प्रवक्ता
धन बहादुर गुरुङ
प्रवक्ता



9856053133 arjunchauparimun.gov.np arjunchaupari11@gmail.com

CamScanner